नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश
Federation of Nepalese Chamber of Commerce & Industry Lumbini Province

Kalika Path, Siddharthanagar-12
Rupandehi
Lumbini Province
Nepal
Tel:071-527056
E-mail:fncci.province5@gmail.com

च.न २२४/०७७/७८

मिति २०७८/०३/३१

# प्रेश विज्ञप्ती

नेपालको अर्थतन्त्र मुलत आयातमुखी रहेको छ। देशमा सञ्चालित उधोगहरुवाट न्यूनमात्रामा नै भएपनि आयात प्रतिस्थापन भई व्यापार घाटा कम गर्न सहयोग पुगिरहेको छ। उधोगी व्यवसायी हरुको नेतुत्वदायी संस्था नेपाल उधोग वाणिज्य महासघ देशमा उधोग व्यवसाय मैत्री वातावरणको लागी निरन्तर वहस पैरवी गर्दै आइरहेको विदितै छ। यस लुम्बिनी प्रदेशमा बुटवल-भैरहवा औधोगिक करिडोरमा रहेका करिब दुई दर्जन उधोगहरु ३३ के.भि.ए. औद्योगिक विद्युत प्रसारण लाईन मार्फत विद्युत खपत गरी नेपाल विद्युत प्राधिकरण बाट जारी भएको बिलको महशुल समयमै भुक्तानी गर्दै आएको विषय यहाँहरुलाई अवगत गराउन चाहन्छौं। तर नेपाल विद्युत प्राधिकरणले २०७२ भाद्र देखि २०७६ मंसिर सम्म ट्रंक लाईन खपत गरेको भनि झण्डै ४ बर्ष पछि २०७६ फाल्गुनमा आएर सो अवधिको बिल दरमा ६६.६७ प्रतिशत बृद्धि गरी थप महशुल भुक्तानी गर्न न्याय सम्मत नरहेको "छुट बिल" जारी गरेकाले उधोगीहरु समस्यामा परेका छन। सो समस्या समाधानका लागि सम्बन्धित निकायहरुमा यस नेपाल उधोग वाणिज्य महासंघ लुम्बिनी प्रदेश बाट पहल भई नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७७।०४।१९मा विद्युत नियमन आयोगलाई यस विवादको निरुपणका लागि निर्देशन दिईसकेको र आयोगबाट सो माथि हालसम्म निर्णय विचाराधिन रहेको अवस्थामा नेपाल विद्युत प्राधिकरणको भैरहवा वितरण केन्द्र, नयाँमिल वितरण केन्द्र र बुटवल वितरण केन्द्रले हाल मिति २०७८।०३।११ मा "ट्रंक लाईन तथा हालसम्मको बक्यौता सम्बन्धमा" विषय भएको पत्र जारी गरेको र सो पत्रमा बक्यौता रकम तथा सो उपरको जरिवाना २०७८ आषाढ मसान्त भित्र बुझाउन अथवा नियमानुसार कारवाही हुने व्यहोरा उल्लेख भएकाले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

विद्युत महशुल विनियमावली २०७३ को विनियम ५ (५) वमोजिम, दैनिक २० वा सो भन्दा वढि घण्टा विद्युत उपभोग निवेदन दिई स्वीकृति भएको उधोगले मात्र ट्रंक लाइन सरहको महशुल वुझाउनु पर्ने व्यवस्था भएको तर उद्योगहरुले माथि उल्लेखित कुनै किसिमको माग, स्वीकृती र खपत नगरेको र ट्रंक लाइन सम्वन्धी छलफल र सहमति नै नभएको तथा नेपाल विद्युत प्राधिकरणको भैरहवा वितरण केन्द्रले प्राविधिक अस्पष्टता र आफ्नो आन्तरिक लोड व्यवस्थापन तथा फेज सिक्वेन्स सन्तुलित गर्न क्रममा उधोगहरुलाई ट्रंक लाइन पर्न गएको परिपेच्छमा ट्रंक लाइन सेवा जडान गरिएको भनिएको सो अवधिमा विद्युत प्राधिकरणले पटक पटक प्रकाशित गरेको औद्योगिक ग्राहक लोडसेडिङ तालिका अनुरूप नै उद्योगहरुले चरम लोडसेडिङ खेप्दै आएको तथा ट्रिपिङ कै कारण उधोगहरुले ठुलो क्षति व्यहोर्नु परेको भन्ने भनाई सम्बन्धीत उधोगीहरुवाट पटक पटक व्यक्त भइरहदा व्याज, जरिवाना तथा लाइन काटने त्राश देखाएर

उधोगहरु वन्द गर्ने परिस्थिती प्रति नेपाल उधोग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशको गम्भिर ध्यानार्कषण भएको छ ।

सरकारवाट उधोगहरुलाई प्रोत्साहन हुनेगरि नितिनियम तर्जुमा तथा व्यवहारमा सोही सामित्यता देखिनु पर्नेमा दुख दिने, सताउने र दुरुत्साहन गर्ने खालका क्रियाकलाप प्रति थाहा नपाएको जस्तो गर्नु किमार्थ राम्रो होइन । उधोगीहरुको अमुल्य समय विधुत प्राधिकरणको कर्मचारीको गल्तिको कारण सिर्जित समस्यामा लाग्दै, डेलिगेशन र ज्ञापनपत्र वुझाउदैमा गइरहेको तर लामोसमय सम्मपनि समाधान नभएकोले सार्थक निष्कर्ष को लागी सम्पूर्ण सवैमा सहयोगका लागी आह्वान गर्दछौ । सरकारले उधोगी व्यवसायीहरुलाई परेको मर्का लाई छिटोभन्दा छिटो सुनुवाई गरि पहलकदमी लिन कोभिडवाट थलिएका उधोग व्यवसाय लाई पुनउत्थानका लागी राहत तथा छुट दिनुपर्नेमा कुनै किसिमको निवेदन नगरेको र उपभोगै नगरेका ट्रंकलाइन सुविधाको थप दस्तुर तोकी बक्यौता भनी माग गरिएको महसुल, व्याज तथा जरिवाना लाई सच्याएर साविककै विल महसुललाई कायमगरि उधोग मैत्री वातावरणलाई नखल्बलाउन, उधोगीहरुलाई तालाचावी वुझाएर उधोग वन्द गर्ने सम्मको अवस्था ननिम्ताउनका लागी सम्बन्धित सरोकारवाला पक्षहरु संग नेपाल उधोग वाणिज्य महासंघ ,लुम्बिनी प्रदेश जोडदार अपिल गर्दछ । धन्यवाद ।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष